**अनुसूची-१**

**प्रस्ताव आव्हानको सूचना**

राष्ट्रिय दुग्ध विकास बोर्ड

घाँसमा आधारीत दाना उद्योगमा अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७१/१/३

यस वोर्डको आ.व. २०७०/०७१ मा घांसमा आधारित दाना उद्योगको स्थापना तथा सुदृढीकरणका लागि सहभागितामा आधारीत अनुदान कार्यक्रमका लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. घांसमा आधारित दाना उद्योग अनुदान कार्यक्रम अन्तर्गत, घांस उत्पादन तथा दाना प्रशोधन उपकरण खरिद, घांस तथा दाना ढुवानी साधन खरिद, घांसमा आधारित दाना उत्पादन तथा प्रशोधन कारखाना स्थापना, तथा घांसमा आधारित दाना विक्री केन्द्र स्थापना गर्न प्रयोग गर्न सकिनेछ ।

२. यो अनुदान कार्यक्रम १ वटा घाँसमा आधारित दाना उद्योगको लागी रु ४०००००/- (अक्षरुपी चारलाख रुपैंया मात्र) को अनुदान व्यवस्था गरिनेछ । प्रस्तावक संस्थाले न्युनतम सोही रकम वरावर लगनी गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

३. अन्य सरकारी वा गैर सरकारी निकायवाट यस सूचनामा उल्लेखित कामको लागी विगत २ बर्षसम्म यसमा उल्लेखित रकम बरावर वा सो भन्दा बढिको वस्तुगत तथा नगद अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।

४. प्रस्तावकले अनुसूची-२ अनुसारको निवेदन, अनुसूची-३ अनुसारको प्रस्तावको ढांचा र अनुसूची-४ अनुसारको सम्वन्धित जिल्ला पशु सेवा कार्यालयको शिफारिस पत्र पेश गर्नु पर्नेछ ।

५. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता गरेको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस वोर्डको कार्यालयमा प्रस्ताव पेश गरि सक्नु पर्नेछ ।

७. माथि उल्लेखित अनुसूचिहरु वोर्डको सूचना पाटीमा सकिनेछ ।

**थप जानकारीको लागि सम्पर्क ठेगाना**

राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहर भवन, ललितपुर ।

फोन नं. ०१-५५२५४००, ५५४२७४१

## अनुसूची-२
## निवेदनको ढांचा

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहरभवन, ललितपुर ।

**विषय : घाँसमा आधारीत दाना उद्योग स्थापना तथा सुदृढिकरणको लागी अनुदान प्रस्ताव पेश गरिएको वारे ।**

उपरोक्त विषयमा राष्ट्रिय दुग्ध विकास बोर्डको मिति................को राष्ट्रिय ............ दैनिकमा प्रकाशित सूचना अनुसार जिल्ला........... गा.बि.स............ टोल/गाउँ....................मा .......................... दाना उद्योगको स्थापना । सुदृधिकरणको लागी अनुदान प्रस्ताव तयार गरि आवश्यक कार्यवाहीको लागी पेश गरेको छु ।

प्रस्तावक संस्थाको तर्फबाट
संस्था । उद्योगको अध्यक्ष को नाम
दस्तखत

## अनुसूची-३
## परियोजना प्रस्तावको ढांचा

१. पृष्ठभूमी

- दाना उद्योगको परिचय/स्थापना स्थल/सम्पर्क नम्वर
- व्यवसायको छोटो चिनारी
- कर्मचारी (प्राविधिक र अप्राविधिक संख्या र कामको प्रकृति)
- विद्यमान भौतिक तथा अन्य पूर्वाधारहरु (लगानी समेत)

२. उद्देश्य तथा महत्व

- व्यवसाय स्थापना गर्नाको मूख्य कारण
- व्यवसायका प्रत्यक्ष तथा अप्रत्यक्ष फाइदाहरु (स्थानीय तथा राष्ट्रियस्तरमा)

३. परियोजनाको सम्भाव्यता विश्लेषण

- थप लगानी (विभाजन सहित) लगानीको श्रोत तथा प्रतिबद्धता बारेमा विस्तृत जानकारी
- मूल्य श्रृंखला (backward and forward linkage)
- प्रयोग हुने मूख्य कच्चा पदार्थ र परिमाण
- उत्पादन हुने वस्तु र परिमाण (बार्षिक क्वीन्टल/टन)
- उपलव्ध प्रविधि तथा सोको प्रयोगको सम्भाव्यता
- बजार र बजारीकरणका रणनीतिहरु
- अपेक्षित नाफा घाटाको विवेचना

४. स्थानीय वातावरणमा पार्न सक्ने नकारात्मक प्रभाव र सोको निराकरणका उपायहरु

## अनुसूची-४

## जिल्ला पशु सेवा कार्यालयको सिफारिस पत्रको ढाँचा

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति....................को राष्ट्रिय दैनिक..............मा प्रकाशित सूचना अनुसार जिल्ला...................गा.बि.स.........................बजार/गाउँ.................मा ..................दाना उद्योगको स्थापना / सुदृधिकरणको लागी सिफारीस पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुंदा, उक्त उद्योगको उत्पादन वाट यस क्षेत्रका क्षेत्रका कृषकहरु लाभान्वीत हुने हुंदा नियमानुसार अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु ।

कार्यालय प्रमुख
नाम
पद
दस्तखत
कार्यालयको छाप